# इस्मा गाउँपालिकाको गाउँसभामा

## उपाध्यक्ष विमला के.सी. द्वारा

## प्रस्तुत

## आर्थिक वर्ष २०७५/७६ को

# वजेट तथा कार्यक्रम

इस्मा गाउँपालिका

इस्मा रजस्थल, गुल्मी

५ नं.प्रदेश, नेपाल

२०७५/०३/१०

**आदरणीय अध्यक्षज्यू, गाउँसभाका सदस्यज्यूहरु,**

सभाध्यक्ष ज्यू, सभाका सदस्यज्यूहरु,

नेपाली जनताको लामो संघर्ष, बलिदानी र आन्दोलनबाट संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना र संविधान सभाबाट नेपालको संविधान २०७२ निर्माण भै कार्यान्वयमा आएको छ । संबैधानिक व्यवस्था अनुरुप तीनै तहको निर्वाचन सम्पन्न भै वास्तविक रुपमा संघीयताको नयाँ अभ्यासमा हामी लागेका छौं । नेपालको संविधानले व्यवस्था गरेको स्थानीय सरकारको रुपमा निर्वाचित भै कार्यभार सम्हालेको एक वर्ष पूरा हुँदै छ । नयाँ शासकीय संरचना र पद्धतीमा अगाडी बढ्दै गर्दा यस गाउँपालिकाको दोश्रो वर्ष आर्थिक वर्ष २०७५।७६ को बजेट तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा म निकै हर्षीत भएको छु ।

आज यस गाउँपालिकाको गाउँसभामा आ.व. २०७५।७६ को नीति तथा कार्यक्रम पेश गर्ने समारोहमा नेपाललाई संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थामा ल्याइपुर्‍याउन विभिन्न समयमा भएका आन्दोलनमा बलिदान गर्ने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरु र उहाँहरुका परिवारजन प्रति उच्च आदर भावले स्मरण तथा सम्मान व्यक्त गर्दछु ।

नेपालको संविधान, २०७२ ले लिपीवद्ध गरेका संवैधानिक व्यवस्थाहरु, नेपालको चौधौं योजना (२०७३/७४–२०७५/७६) का प्राथमिकताहरु, नेपाल सरकारको नीति तथा कार्यक्रम र बजेट मार्फत **समृद्ध नेपालः सुखी नेपाली** बनाउने दिर्घकालिन उद्देश्य, स्थानीय सरकार संचालन ऐन, २०७४ ले व्यवस्था गरेका काम, कर्तव्य र अधिकार अन्तरगत रहेर रोजगारी सृजना गर्ने, गरिवी न्युनीकरण गर्ने मूख्य लक्ष्य हासिल गर्न आर्थिक रुपमा सम्बृद्ध, सामाजिक रुपमा विभेदको अन्त्य र समतामूलक गाउँपालिका निर्माण गर्ने घोषणालाई प्राथमिकताका साथ अगाडी बढाउन कृषिमा यन्त्रिकरण र व्यवसायीकरण, खानेपानी योजनालाई एक घर एक धारा निर्माण, पूर्वाधार विकास, सामाजिक सशक्तिकरण, वन तथा बातावरण संरक्षण, सेवा प्रवाहमा चुस्तता र सुशासन प्रवर्द्धनलाई प्रमुख प्राथमिकता दिई आर्थिक वर्ष २०७५।७६ को नीति तथा कार्यक्रम तयार गरेका छौं ।

**आदरणीय गाउँसभाका सदस्यज्यूहरु,**

हामीले नेपालको संविधान, २०७२ ले लिपीवद्ध गरेका संवैधानिक व्यवस्थाहरु, स्थानीय तहको कार्य बिस्तृतिकरण, नेपालले अन्तराष्ट्रिय जगतमा गरेका अभिसन्धी र प्रतिवद्धताहरु, दीगो विकास लक्ष्य, नेपालको चौधौं योजना (२०७३/७४–२०७५/७६) का प्राथमिकताहरु, नेपाल सरकारको नीति तथा कार्यक्रम, इस्मा गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रमलाई अंगिकार गरेका प्राथमिकताहरुलाई आधारको रुपमा लिइ आ.वा. २०७५/७६ को बजेट तथा कार्यक्रम तयार गरेको छु।

**आदरणीय गाउँसभाका सदस्यज्यूहरु**

अव म यस गाउँपालिकाको सोंच, लक्ष, उद्देश्य र प्राथमिकता निर्धारण गरी आगामी आर्थिक वर्ष २०७५/०७६ को विषय क्षेत्रगत रुपमा वजेट तथा कार्यक्रम प्रस्तुत गर्दछु।

**१. सोंचः समृद्ध नेपालः सुखी नेपाली** मूल राष्ट्रिय उद्देश्यलाई पूरा गर्न **समतामूलक इस्मा समृद्धिको आधार : कृषि, पर्यटन र पूर्वाधार"** इस्मा गाउँपालिकाको दिर्घकालिन सोंच रहेको छ।

**२. लक्ष्यः निरपेक्ष गरिबी निवारण इस्मा गाउँपालिकाको लक्ष्य रहने छ।**

**३. प्राथमिकता, उद्देश्य तथा अपेक्षित उपलब्धी :**

- **आर्थिक विकासः कृषि क्षेत्रमा यन्त्रिकरण र व्यवसायिकरण गर्दै कृषि, दुग्ध र मासूमा आत्म निर्भर हुने।**
- **पर्यटन पूर्वाधारको विकास, प्रवर्दन र प्रचार प्रसार गरी आम्दानी बृद्धि गर्ने।**
- **स्थानीय सेरामिक उद्योगलाई प्रवर्द्धन र विस्तार गर्दै रोजगारी सिर्जना गर्ने।**
- **नेपाल सरकारको राष्ट्रिय नीतिको रुपमा रहेको अनिवार्य शिक्षालाई लागू गर्ने, शिक्षकाको क्षमता विकास गर्ने र अभिभावकलाई सचेत बनाई भर्ना दर र विद्यार्थी उत्तीर्ण दर १०० प्रतिशत पुर्‍याउने।**
- **१००० दिनका आमा र बच्चाको स्वास्थ्य र पोषणमा सुधार गरी बाल मृत्युदर, मातृ मृत्यु दर न्युनिकरण गर्ने। एउटा वडाबाट Zero Home Delivery कार्यान्वयनको शुरुवात गर्ने।**
- **स्वच्छ र सफा पिउने पानी उपलब्ध गराउन एक घर एक धारा कार्यक्रम अगाडी बढाउने।**
- **जातीय छुवाछुत, घरेलु हिंसाको अन्त्य गर्ने, अपांग, दलित, विपन्न नागरिकहरु र महिलाहरुको क्षमता विकास गर्दै आत्मनिर्भर बनाउने।**
- **सुरक्षित आवासको व्यवस्था गर्न सम्पूर्ण खरका छाना भएका घरमा जस्तापाता लागाइने।**
- **सम्पूर्ण वडाहरुमा सडक सन्जालको व्यवस्था गरी बाह्रै महिना निरन्तर सन्चालन हुने व्यवस्था मिलाउने।**
- **दिगो विकास, वन तथा वातावरण संरक्षण र विपद जोखिम न्यूनिकरण तथा तत्काल राहत तथा उद्धार गर्ने।**
- **सुशासन प्रवर्द्धन गर्दै भ्रष्ट्राचारमा शुन्य सहनशीलता अपनाउने।**
- **सेवा प्रदायक संस्थाहरुको संस्थागत विकास र जनप्रतिनिधी र कर्मचारीहरुको क्षमता विकास गर्ने।**

## आर्थिक विकास

**(ख) कृषि तथा पशु**

- **"समृद्ध इस्माको आवश्यकताः कृषि र पशुपालनमा व्यवसायिकता"** कार्यक्रमलाई निरन्तरता दिदै कृषि तथा पशु विकास कार्यक्रमलाई व्यवसायिक रुपमा अगाडी बढाउने गरी नीति अबलम्बन गरिने छ। कृषिमा यन्त्रिकरण र व्यवसायिकरण गर्न आधुनिक यन्त्र उपकरणहरु खरिद गर्न, व्यक्तिगत रुपमा, समुहमा र सहकारी

मार्फत उत्पादन गर्ने कृषकहरुलाई आवश्यक नीतिगत व्यवस्था गरी उत्पादनमा आधारित अनुदान प्रणाली लागू गरिने छ । दुग्ध र माशुजन्य उत्पादनमा आत्मनिर्भर हुने गरी कृषकहरुलाई सीप, प्रविधि र अनुदानका कार्यक्रम सन्चालन गरिने छ । कृषि र पशु विमा गर्न कृषहरुलाई प्रोत्साहित गरिने छ र विमा प्रिमियममा ५० प्रतिशत गाउँपालिकाको तर्फबाट भूक्तानी गर्ने गरी आवश्यक व्यवस्था मिलाइने छ । यसका लागि आवश्यक रकम विनियोजन गरेको छु ।

- जनतासंग प्राविधिक कार्यक्रम लागू गरी घर घरमा कृषि तथा पशु प्राविधकि सेवा उपलब्ध गराइने नीति अबलम्बन गरिने छ । कृतिम गर्भाधान कार्यक्रम अगाडी बढाइने छ । तरकारी, फलफुल, कफि, माशु दुध, उत्पादनलाई पकेट र ब्लक बनाइ व्यवस्थित रुपमा सन्चालन गरिने छ । कोदो पकेट क्षेत्रलाई विस्तार गरिने छ । धान, गहुँ पकेट कार्यक्रमलाई निरन्तरता दिइने छ । समग्र कृषि तथा पशु विकास कार्यक्रमको लागि रु ९० लाख विनियोजन गरेको छु ।

**उद्योग तथा वाणिज्य**

- गुल्मी जिल्लाकै पहिचानको रुपमा रहेको बुल्म सेरामिक उद्योगको क्षमता विस्तार गर्न सीप युक्त जनशक्ति निर्माण, मेशिन औजारको उचित व्यवस्थापनमा आवश्यक रकम विनियोजन गरेको छु ।

**सहकारी**

- सहकारी क्षेत्रको क्षमता विकास तथा प्रवर्द्धन गर्न रु ५ लाख विनियोजन गरेको छु ।

**पर्यटन विकास**

- ऐतिहासिक, धार्मिक महत्व बोकेको इस्माकोट दरबार सहित माइकास्थान, देउराली क्षेत्रलाई समेटेर विस्तृत परियोना प्रतिवेदन तयार गरिने छ । संघीय सरकार, प्रदेश सरकारसंगको साझेदारीमा इस्माकोटलाई पुनर्निर्माण गरिने छ । छल्दीखोलामा River Trail निर्माण गरी पर्यटन प्रवर्द्धन सहित बहुउद्देश्यीय उपयोगको लागि विस्तृत सम्भाव्यता अध्ययन गरिने छ । गाउँपालिकाको वडा नं. २ मा होमस्टे सन्चालन गर्न गरिने छ । यसका लागि आवश्यक रकम विनियोजन गरेको छु ।
- युवाहरुलाई उद्यमशील र स्वरोजगार बनाउन सीपमूलक तालिम सन्चालन गर्न आवश्यक रकम विनियोजन गरेको छु ।

## सामाजिक विकास

### शिक्षा

- शिक्षा क्षेत्रको समग्र सुधारको लागि शैक्षिक गोष्ठीको आयोजना गरिने छ । सामुदायिक विद्यालयहरुको दरबन्दी मिलान गर्ने कार्य अगाडी बढाइने छ । विद्यालयहरुको शैक्षिक गुणस्तर सुधारका लागि अभिभावक सचेतना कार्यक्रम अगाडी बढाइने छ ।
- वडा नं. ३ का विद्यालयबाट अनिबार्य शिक्षा लागू गरिने छ । यसलाई क्रमबद्ध रुपमा सम्पूर्ण विद्यालयमा लागू गरिने छ । कुमाल जातीका बालबालिकाहरुलाई विद्यालयमा आकर्षित पोषाकको व्यवस्था गरिने छ ।
- बालविकास केन्द्रलाई बालबालिकाको सर्वाङ्गिंण विकास हुने गरी सिकाई केन्द्रको रुपमा विकास गर्न सहयोगी कार्यकर्ताहरुको क्षमता विकास र शैक्षिक सामाग्रीको व्यवस्था मिलाईने छ । बालविकास केन्द्र, पूर्व प्राथमिक कक्षा र कक्षा १ मा टिकाउ दर र सिकाई उपलब्धी बृद्धि गर्दै उत्तीर्ण दर १०० प्रतिशत पुर्‍याउने गरी

शिक्षकको क्षमता विकास, शैक्षिक सामाग्रीको व्यवस्थापन र सिकाई विधी र वातावरणमा सुधार गरिने छ। क्रमश माथिल्लो तहमा समेत यो कार्यक्रम विस्तार गरिने छ।

- हिमालय मा.वि.मा रहेको कृषि प्राविधिक शिक्षा कार्यक्रमलाई आवश्यक सहयोग गरिने छ । अन्य विद्यालयहरुमा प्राविधिक शिक्षालाई विस्तार गर्न आवश्यक समन्वय तथा सहजीकरण गरिने छ।
- सामुदायिक शैक्षिक संस्थाहरुको शैक्षिक गुणस्तर सुधारका लागि वाल मैत्री कक्षा सञ्चालन, प्रविधियुक्त सिकाइ वातावरण सहितको नीतिगत, संस्थागत कार्यक्रम संचालन गरिनेछ। पठनपाठनलाई विद्यार्थीको नतिजासँग आवद्ध हुने गरी विद्यालय तथा शिक्षकलाई पुरस्कारको व्यवस्था गरिने छ। **ग**रिब तथा जेहन्दार विद्यार्थीहरुलाई उच्च शिक्षा अध्ययनको लागि छात्रबृत्तीको व्यवस्था गरिने छ **। विद्यालय भवनहरु निर्माण र सुधार कार्यहरु प्राथमिकता साथ अगाडी बढाइने छ । शिक्षा क्षेत्रको विकासको लागि** रु १ करोड १ लाख ५० हजार विनियोजन गरेको छु।

## स्वास्थ्य तथा जनसंख्या

- चालु आ.व. सन्चालन गरिएको सुत्केरी पोषण कार्यक्रमलार्य रुपान्तरण गरी **गर्भवती पोषण कार्यक्रम** सन्चालन गरिने छ, ।
- वडा नं. २ मा रहेको सामुदायिक स्वास्थ्य इकाईमा २४ घन्टे बर्थिङ्ग सेन्टर सन्चालनमा ल्याइने छ, यसका लागि रु ५ लाख विनियोजन गरेको छु।
- अमरपुर स्वास्थ्य चौकिमा प्रयोगशाला सेवाको शुरुवात गरिने छ।
- महिलाहरुको स्वास्थ्यमा सुधार गर्न निःशुल्क स्वास्थ्य शिविर सन्चालन गरिने छ।
- स्वास्थ्य संस्थाहरुमा इन्टरनेट, आवश्यक भौतिक व्यवस्थापन र पर्याप्त मात्रामा औषधीको व्यवस्था मिलाइने छ। आयुर्वेदिक स्वास्थ्य सेवामा जनताको पहुँच अभिबृद्धि गर्न वडा नं. ४ मा रहेको आयुर्वेद स्वास्थ्य क्लिनिकलाई निरन्तरता दिइने छ।
- महिला स्वास्थ्य स्वयंसेविकाहरुको क्षमता विकास र प्रोत्साहनका कार्यक्रमलाई निरनन्तरता दिइने छ । गाउँपालिका मै अत्यावश्यक खोपहरु (टि.टी. रेविज, एन्टि स्नेक भेनम) को सुरक्षित भण्डारणको व्यवस्था मिलाइने छ।
- वर्थिङ सेन्टरमा कार्यरत अनमीहरुलाई प्रोत्सहन भत्ता उपलब्ध गराइने छ।
  यसका लागि रु यी रु ४५ लाख ५० हजार विनियोजन गरेको छु।

## खानेपानी तथा सरसफाई

- आगामी ४ वर्षमा प्रत्येक घरमा स्वच्छ खानेपानीको सुविधा उपलब्ध गराउन **"एक घर एक खानेपानी धारा"** निर्माण योजनालाई प्रमुख प्राथमिकता दिई कार्यान्वयन गरिने छ, यसका लागि १ करोड ८८ लाख ३० हजार विनियोजन गरेको छु।
- ठूला खानेपानी योजनाको परियोजना प्रतिवेदन तयार गरी संघीय र प्रदेश सरकारसँगको लागत साझेदारीमा आयोजना सन्चालन गर्न समपूरक कोषमा आवश्यक रकम विनियोजन गरेको छु।

- पूर्ण सरसफाई कार्यक्रमलाई सचेतनामूलक कार्यक्रम अगाडी बढाइने छ । सम्पूर्ण परिवारमा शौचालयको प्रयोग गर्ने बानीको विकास गर्न आवश्यक सहयोग साथै सचेतनामूलक कार्यक्रम अबलम्बन गरिने छ । यसका लागि आवश्यक रकम विनियोजन गरेको छु ।

## संस्कृति प्रवर्द्धन

- स्थानीय जनताको सहभागीतामा मठ मन्दिर, पौवा, पाटी संरक्षण र प्रवर्द्धन गरिने छ । पन्चेबाजा, लोक दोहोरी, परम्परागत नाच संरक्षण र प्रवर्द्धन गरिने छ । यसका लागि  रु १२ लाख विनियोजन गरेको छु ।

## खेलकुद तथा मनोरन्जन

- खेलकुदको विकास गर्न प्रत्येक वडामा वडास्तरीय भलिवल प्रतियोगिता र गाउँपालिकामा अध्यक्षकप भलिवल प्रतियोगिता सन्चालन गरिने छ, यसका लागि रु ९ लाख ४५ हजार विनियोजन गरेको छु । एक वडा एक खेल मैदान निर्माण अभियान सन्चालन गरिने छ । प्रदेश सरकारसंगको लागत साझेदारीमा गाउँपालिमा एउटा सुविधा सम्पन्न खेलमैदान निर्माण गरिने छ, खेलकुदको लागि  लागि रु ४४ लाख विनियोजन गरेको छु । हाल निर्माणाधिन वाल उद्ययनलाई सम्पन्न गर्न थप रु ५ लाख रकम विनियोजन गरेको छु ।

## सामाजिक समावेशीकरण,

- ७० वर्ष माथिका जेष्ठ नागरिकहरुलाई चाडपर्व खर्च वापत वार्षिक रुपमा एकमुष्ट रु ५०० उपलब्ध गराइने छ । यसका लागि  आवश्यक रकम विनियोजन गरेको छु ।
- जेष्ठ नागरिक दिवा आश्रम भवन निर्माणलाई सम्पन्न गरिने छ, यसको लागि आवश्यक रकम विनियोजन गरेको छु ।
- **"सीपयुक्त महिलाः सशक्तिकरण पहिला"**  नारा सहित महिलाहरुमा सचेतना र क्षमता विकास कार्यक्रम सन्चालन गरिने छ ।
- अपांगता भएका नागरिकका लागि कार्यक्रमहरु सञ्चालन गरिनेछ, यसका लागि आवश्यक रकम विनियोजन गरेको छु  ।
- जतीय, क्षेत्रीय, लैंगिक विभेद र छुवाछुत मुक्त, घरेलु हिंसा मुक्त गाउँपालिका घोषणा गर्न अभियान सन्चालन गरिने छ । दलित, अल्पसंख्यक, एकल महिला, बन्चितीमा परेका समुदायमा क्षमता अभिबृद्धि गर्न सचेतनामुलक र आय आर्जनका कार्यक्रम सन्चालन गरिने छ । युवाहरुलाई उद्यमशील र स्वरोजगार बनाउन सीपमूलक कायक्रम सन्चालन गरिनेछ, यसका लागि आवश्यक रकम विनियोजन गरेको छु ।
- सुरक्षित महिनावारीका लागि समुदाय र विद्यालयहरुमा सचेतनामूलक कार्यक्रम सन्चालन गरिने छ । विद्यालयहरुमा सुरक्षित महिनावारीका लागि सामाग्री व्यवस्थापन कार्यक्रमलाई लागत सहभागीतामा आधारित बनाई निरन्तरता दिइने छ, यसका लागि आवश्यक रकम विनियोजन गरेको छु ।

## भौतिक पूर्वाधार विकास

- गाउँपालिकाको गौरबको आयोजनाको रुपमा वातावरण मैत्री चक्रपथ (राडडाँडा-हर्पूकोट-नयाँपोखरा-दोहली-इस्मा मैदान- दोवाटा-सिरार-चोरकाटे -बुल्म-हुलाके - राहले-पालुखा-छल्दि पनाहा-राडडाँडा) निर्माण कार्यको सुरुवात गरिने छ, यसका लागि रु ५० लाख १७ हजार  विनियोजन गरेको छु  ।

- **"जनतालाई हाम्रो भरः विपन्नलाइ सुरक्षित घर"** अभियानलाई जनता आवास कार्यक्रम मार्फत खरका छाना विस्थापित गरि टिनका छाना लगाउने अभियानलाई निरन्तरता दिइने छ, यसका लागि रु ५० लाख विनियोजन गरेको छु ।
- गाउँपालिका स्तरीय र वडा स्तरीय सडकहरुमा स्तरोन्नती गर्ने कार्यक्रम अबलम्बन गरिने छ । सडक पुग्न नसकेका वस्तीहरुमा यसै वर्ष भित्र सडक पुग्ने गरी निर्माण कार्य अगाडी बढाइनेछ, यसका लागि १ करोड ५७ लाख ५५ हजार विनियोजन गरेको छु ।
- गाउँपालिका भित्रका वडा कार्यालय देखी गाउँपालिका सम्मका स्थानीय सडकहरुमा सडक हेरालु (Length Worker) को व्यवस्था गरी निरन्तर सञ्चालन हुने गरी व्यवस्था मिलाईने छ, यसका लागि पर्याप्त रकम विनियोजन गरेको छु ।
- विद्युतीकरण कार्यक्रमलाई विस्तार गर्न काठका पोल विस्थापित गर्ने गरी कार्यक्रम अगाडी बढाइने छ । उज्यालो कार्यक्रमलाई निरन्तरता दिइने छ । बैकल्पिक उर्जाको प्रयोगलाई प्रोत्साहन गरिने छ, यसका लागि आवश्यक रकम विनियोजन गरेको छु ।
- परम्परागत सिंचाइ प्रणालीलाई व्यवस्थित गर्दै नयाँ प्रविधिमा आधारित सिंचाई आयोजना सन्चालन गरिने छ, यसका लागि रु ३३ लाख३० हजार विनियोजन गरेको छु ।
- गाउँपालिका भवन निर्माण, जग्गा व्यवस्थापन, विभिन्न सरकारी तथा सामुदायिक भवन निर्माणको लागि रु २ करोड ५७ लाख विनियोजन गरेको छु ।

## वन, वातावरण तथा विपद व्यवस्थापन

- वन र वातावरणको संरक्षणका लागि विकास निर्माणका कामलाई दिगो विकासको अवधारणा अनुसार अगाडी बढाइने छ । वडा नं. ३ मा निर्माणधिन स्थायी नर्सरीलाई विस्तार गरिने छ साथै यसलाई बहु उपयोगी विरुवा उत्पादन गर्ने गरी अगाडी बढाइने छ, यसका लागि आवश्यक रकम विनियोजन गरेको छु ।
- हरित र स्वच्छ गाउँपालिका निर्माणको लागि जथाभावी फोहर फाल्ने कार्यलाई निरुत्साहित गर्दै पूर्ण सरसफाईयुक्त गाउँपालिका घोषणा गर्नेतर्फ कार्य अगाडि बढाईनेछ ।
- वातावरण संरक्षण, जलवायु परिवर्तन अनुकुलनका लागि एक वडा एक संरक्षण पोखरी निर्माण गरिने छ । समुदायको सहभागीतामा परम्परागत पोखरी, कुवाहरुको संरक्षण र सम्भार गर्ने कार्यक्रमलाई अभियानको रुपमा अगाडी बढाइने छ ।
- विपद् व्यवास्थापन सम्बन्धी नीति, कानुन र प्रतिकार्य योजना तर्जुमा गरी लागु गरिने छ । तत्काल राहत तथा उद्धार कार्यकालागि प्रभावकारी संयन्त्रको निर्माण गरिनेछ ।
- प्रत्येक वडामा टोल सुधार समिति गठन गर्ने र सरसफाई, सचेतना कार्यक्रम सन्चालन गर्न उनीहरुलाई प्रोत्साहित गर्दै परिचालन गरिने छ । यसका लागि रु विनियोजन गरेको छु ।

## सस्थागत विकास तथा सेवा प्रवाह र सुशासन

- कार्यसम्पादन र सेवा प्रवाहमा दक्षता अभिबृद्धि गर्न आधुनिक प्रविधिको प्रयोग गर्ने बानिको विकास गर्न जनप्रतिनिधी र कर्मचारीहरुलाई क्षमता विकास तालिम प्रदान गरिने छ । न्यायिक समितिका पदाधिकारीको क्षमता विकास गरिने छ । प्रत्येक वडामा मेलमिलाप समिति गठन गरिने छ ।

- गाउँपालिकाका नीति, कानून र निर्णय कार्यन्वयन गर्न, न्यायिक समितिले गरेका मिलापत्र तथा निर्णयको कार्यान्वय गर्न सहजताका लागि नगर प्रहरी गठन गरी नियुक्ति गरिने छ, यसका लागि आवश्यक रकम विनियोजन गरेको छु ।
- सेवा प्रवाहलाई सूचना प्रविधि मैत्री बनाउन सम्पूर्ण स्वास्थ्य चौकीमा उच्च गतिको इन्टरनेट सेवा उवलब्ध गराइने छ । गाउँपालिका, वडा कार्यालय, स्वास्थ्य चौकी, माध्यमिक विद्यालयहरुमा विद्युतीय हाजिरीको व्यवस्था मिलाइने छ । गाउँपालिकाको सेवा प्रवाहलाई चुस्त बनाउन Que Management प्रणाली व्यवस्था मिलाईने छ ।
- **"इस्मा गाउँपालिकाको अभियानः सेवामैत्री प्रशासन"** भन्ने नारालाई कार्यान्वयन गर्दै भ्रष्ट्राचारमा शुन्य सहनशिलताको नीति अबलम्बन गरिने छ । सुशासनलाई प्रवर्द्धन गर्न सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, रेडियो कार्यक्रमलाई निरन्तरता दिइने छ । पारदर्शिता, जवाफदेहीता र उत्तरदायित्व अभिबृद्धि गर्न गाउँपालिका र वडा कार्यालयहरुमा CCTV मार्फत निगरानी गर्ने व्यवस्था मिलाइने छ । यसको लागि आवश्यक रकम विनियोजन गरेको छु ।

## यसरी देहाय अनुसार क्षेत्रगत वजेट विनियोजन गरेको छु ।

- सन्चालन तर्फ :३,०८,३४,६८७-
- कार्यालय तर्फ पूँजीगत :१,६५,००,०००।-
- समपूरक कोष तर्फ :८०,००,०००।-
- आर्थिक विकास तर्फको वजेट :१ करोड १२ लाख ९५ हजार
- सामाजिक विकास तर्फ वजेट :३ करोड ८५ लाख ६५ हजार
- पूर्वाधार विकास तर्फ वजेट :४ करोड ९६ लाख २ हजार
- वातावरण तथा विपद व्यवस्थापन तर्फ वजेट :३५ लाख
- संस्थागत विकास, सेवा प्रवाह र सुशासन तर्फ वजेट :४९ लाख ३८ हजार ।

## वजेट कार्यन्वयनमा अनुशासन, प्रभावकारीता तथा अनुगमन,मुल्याङ्कन

- वजेट तथा कार्यक्रमको कार्यन्वयनमा प्रभावकारीता ल्याउन बजेट कार्यान्वयन कार्यतालिका तथा कार्ययोजना कार्ययोजना वनाई लागु गर्ने व्यवस्था गरेको छु ।
- वजेट कार्यन्वयनमा प्रभाकारीता, वित्तीय पारदर्शिता, उत्तरदायित्व, वित्तीय अनुशासन प्रर्वद्धनका लागी लेखा परिक्षण, सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण गर्नुका साथै प्रभावकारी अनुगमन, मुल्याङ्कनको व्यवस्था गरेको छु ।

## राजस्व

- गाउँपालिकालाई आर्थिक रुपमा सवल र सक्षम बनाउन र जनतालाइ कर प्रति सचेत बनाउन **"हामीले तिरेको कर हाम्रै विकासका लागि"** भन्ने भावनाको विकास गर्दै प्रगतिशिल कर प्रणाली लागु गरिने छ । यसका टोल टोलमा करदाता शिक्षा कार्यक्रम संचालन गरिने छ ।

- करको दायरालाई फराकिलो र वैज्ञानिक बनाइएको छ । कर प्रणालीलाई व्यवस्थित वनाउन राजस्व चुहावट नियन्त्रणका लागि राजस्वलाई वैंकिङ प्रणालीमा आवद्ध गर्दै  लागिने छ साथै राजस्व संकलनमा सरोकार वालाहरु संग सहकार्य गरिनेछ ।

**आदरणीय सभा सदस्यज्यूहरु,**

प्रस्तुत गरिएका कार्यक्रमहरु कार्यान्वयन गर्न निम्नानुसारको आय व्यय अनुमान पेश गरेको छु ।

**(क) आय तर्फ**

| क्र.सं. | आय | | व्यय | |
|---|---|---|---|---|
| | **विवरण** | **रकम** | **विवरण** | **रकम** |
| १ | आन्तरिक आय | ३७,१५०००।- | संचालन खर्च | ३,०९,४२,१८७- |
| **नेपाल सरकारबाट प्राप्त** | | | | |
| २ | समानिकरण अनुदान | ७,८३,००,०००।- | कार्यालय पूँजीगत | ९०,००,०००।- |
| ३ | राजस्व बाँडफाँड | ५,६७,१७,०००।- | समपूरक कोष | ८०,००,०००।- |
| ५ | सशर्त अनुदान | १२,३९,००,०००।- | आर्थिक विकास | १,१२,९५,०००।- |
| **प्रदेश सरकारबाट प्राप्त** | | | सामाजिक विकास | ३,८५,६५,०००।- |
| ६ | समानिकरण अनुदान | ४०,८८,०००।- | भौतिक पूर्वाधार विकास | ४,९६,०२,०००।- |
| ७ | राजस्व बाँडफाँड | ४६,२५,०००।- | वन, वातावरण तथा विपद व्यवस्थापन | ३५,००,०००।- |
| ८ | सशर्त अनुदान | ९६,००,०००।- | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | ४९,३८,०००।- |
| | जम्मा | २८,०९,४५,०००।- | जम्मा | २८,९३,४२,१८७- |

माथि उल्लेखित आय भन्दा व्ययमा रु ८३,९७,१८७- बढी रहन गएको हुँदा चालु आ.व.मा बचत हुने बजेटमा घाटा पुर्ति गरिने छ ।

**आदरणीय सभाका सदस्यज्यूहरु,**

यो बजेटको कार्यान्वयनबाट पूर्वाधार निर्माण, सूशासन अभिबृद्धि, रोजगारी सिर्जना र आर्थिक समृद्धि हासिल गर्दै सम्मुनत इस्मा गाउँपालिका निर्माण गर्ने दिशामा अगाडी बढ्ने छौ ।

**अन्तमा :** भैगोलिक रुपमा कम विकसित, प्राकृतिक श्रोत साधनले सम्पन्न तर सिमित आर्थिक श्रोत र साधनले एकै वर्ष नागरिकका आवश्यकता पुरा गर्न नसकिएता पनि धेरै हदसम्म सम्बोधन गर्ने प्रयास गरेका छौं । इस्मा गाउँपालिकालाई समुन्नत, समृद्ध र नमुना गाउँपालिका निर्माण गर्न सबै व्यक्ति, वर्ग, समुदाय, जनता, राजनैतिक दल, कर्मचारीहरु, सरकारी र गैरसरकारी संस्थाहरु लागायत सबै सरोकारवाला वर्गमा सहयोगको लागि हार्दिक अपिल गर्दछु । साथै "**समतामूलक इस्मा समृद्धिको आधार : कृषि, पर्यटन र पूर्वाधार**" लाई साकार पार्न सबै हातेमालो गर्न आह्वान गर्दछु ।

**बिमला के.सी.**
**उपाध्यक्ष**
**मितिः २०७५ असार १० गते**